# गोदावरी नगरपालिका
# Godawari Municipality
# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## Office Of the Municipal Executive

बज्रबाराही, ललितपुर/ Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल/ Bagmati Province, Nepal

मिति : २०८३/०४/१८
ने.स. ११४६ दिल्लागा पञ्चमी

प. सं/Let. No. ०८३/८४
च. नं/Ref. No. १३५

२०७३ गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बज्रबाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

**प्रेश विज्ञप्ति**

गोदावरी नगरपालिका र यस नगरपालिकाका नगर प्रमुख, नगर उप प्रमुख लगायत जनप्रतिनिधिहरुको बारेमा पछिल्लो समय केही दिन देखि नेपाली काण्ड नाम गरेको Tik Tok सामाजिक सञ्जालबाट भ्रष्टाचारलगायतका विषयमा कपोलकल्पित, भ्रामक, तथ्यहीन तथा अतिरञ्जित तरिकाले प्रस्तुत भएका अभिव्यक्तिप्रति गोदावरी नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। नगरपालिका तथा जनप्रतिनिधिको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले प्रमाण र तथ्य विना नै सामाजिक सञ्जाल मार्फत व्यक्त अभिव्यक्तिले नागरिकमा भ्रम सिर्जना गर्नुका साथै सार्वजनिक संस्थाप्रतिको विश्वास कमजोर पार्छ । लोकतान्त्रिक व्यवस्थामा प्रश्न उठाउने, आलोचना गर्ने र सार्वजनिक पदाधिकारीसँग जवाफदेहिता माग्ने अधिकार सबैलाई हुन्छ। यो नै लोकतन्त्रको सुन्दर पक्ष हो। विगत २०८० र ०८२ को लगातार नेपाल नगरपालिका संघको उत्कृष्ट पालिका पुरस्कार प्राप्त गरेको सर्व विदितै छ तर, अरुको प्रतिष्ठामा आँच पुग्ने गरी रिस, डाहसहित यस्ता अभिव्यक्ति व्यक्त गर्नु कदापि उचित होइन। यो गैरकानुनी काम हो।

नगरपालिकाको विकास र प्रशासनिक काम प्रचलित, कानुन, नीति, विधि र पारदर्शिताका आधारमा हुँदै आएको छ। सामाजिक सञ्जालमा भनिएको जस्तो भ्रष्टाचार वा अनियमितता कहिँकतै नभएको जनाउँदै त्यस्ता भ्रामक समाचार प्रमाणित गर्न नगरपालिका चुनौती दिन चाहन्छ नगरपालिका क्षेत्रभित्र उत्पन्न हुने विवादहरुको निरुपण मेलमिलाप र संभव नभए कानुनी प्रकृयाबाट निराकरण हुनेछ । सामाजिक सञ्जालको दुरुपयोग गरी कपोलकल्पित तथा भ्रामक सूचना सम्प्रेषण गर्ने, चरित्रहत्या गर्ने, गालीगलौज तथा मानहानिजन्य अभिव्यक्ति दिने कार्यलाई सामान्य आलोचनाका रूपमा मात्र नलिइने र प्रचलित कानुन बमोजिम सम्बन्धित निकाय मार्फत आवश्यक प्रक्रिया अघि बढाइएको व्यहोरा समेत जानकारी गराईन्छ।

नगरपालिका र जनप्रतिनिधिको आलोचना तथा रचनात्मक सुझावलाई सदैव सम्मान गर्दै तथ्यमा आधारित बहस, पारदर्शिता, जवाफदेहिता र स्वस्थ सार्वजनिक संवादको संस्कृतिलाई प्रवर्द्धन गर्न सबैमा हार्दिक अपिल गर्दछौं।

(मिलन सिल्वाल)
प्रवक्ता